आज मिति २०७६ फागुन १७ गते, यस माण्डवी गाउँपालिका गाउँ कार्यपालिकाको बैठक बसी तपशिलको प्रस्तावहरु माथि छलफल गरियो ।

**प्रस्तावहरु**

१. ट्याक्टर खरिद सम्बन्धमा ।

२. जस्तापाता खरिद सम्बन्धमा ।

३. चिस्यान केन्द्र वोलपत्र स्विकृत सम्बन्धमा ।

५. घ वर्गको ठेक्का ईजाजत सम्बन्धमा ।

**निर्णयहरु**

निर्णय नं. १ प्रस्ताव नं. १ माथि छलफल गर्दा माण्डवी गाउँपालिकाको आ.व. २०७६/०७७ अन्तर्गत ट्याक्टर खरिद कार्य सार्वजनिक खरिद नियमावली २०७४ को दफा ३१(ख) अनुसार उत्पादक वा अधिकृत विक्रेता द्वारा निर्धारित दरमा (क्याटलक सपिङ) विधि बाट खरिद गर्ने निर्णय गरियो ।

निर्णय नं. २ प्रस्ताव नं. २ माथि छलफल गर्दा माण्डवी गाउँपालिकाको आ.व. २०७६/०७७ अन्तर्गत जस्तापाता खरिद तथा वितरण कार्यक्रम प्रदेश सरकारको समपुरक कोष अनुदान समेतबाट वोलपत्रको माध्यमबाट खरिद गरि बाँकी रहेको रकमलाई आर्थिक मामीला तथा योजना मन्त्रालयको च.नं. ८१५ मिति २०७६/९/२७ को पत्र अनुसारको शर्तको अधिनमा रहि सोहि कार्यका लागी वोलपत्र खरिद विधी बाट गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ प्रस्ताव नं. माथि छलफल गर्दा आ.व. २०७६/०७७ अन्तर्गत चिस्यान केन्द्र निर्माण सम्बन्धि योजना प्रदेश सरकारको समपुरक कोष समेतबाट सम्पन्न गर्ने गरि मिति २०७६/०९/२२ गते प्रकाशित सूचना अनुसार रित पुर्वक पर्न आएका वोलपत्रहरुको मुल्याङ्कन गाउँपालिकाको मुल्याङ्कन उप समिति मार्फत मुल्याङ्कन समितिले गरेको रिफारिसका आधारमा न्युनतम मुल्य सरकारी सारभुत रुपमा प्रभाव ग्राही देखिएको कक्षपती निर्माण सेवाको वोलपत्र स्विकृत गरि सम्झौता र कार्यादेश दिई समयमै काम सम्पन्न गर्न निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ५ प्रस्ताव नं. ५ माथि छलफल गर्दा घ वर्गको निर्माण व्यवसायी ईजाजत पत्र प्रदान गर्ने प्रयोजनका लागि कागजात तथा प्रक्रियाका सम्बन्धमा जाँच बुझ गर्न गठित समितिको सिफारिस अनुसार तपशिल अनुसार घ वर्गको ईजाजत पत्र दिने निर्णय गरियो ।

*<u>तपशिल</u>*

**१. शिवशक्ति निर्माण सेवा ,प्यूठान नगरपालिका ६**

**२. महर्षी कन्सट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. प्यूठान नगरपालिका -२**